# एटिएम रिसिभ पेपर ४०००थान र जरनल पेपर ६००० थान खरिद सम्वन्धी

## बोलपत्र आव्हानको सूचना

### (प्रथम पटक प्रकाशित मिति २०७१।१०।२५गते)

यस बैंकको लागि आवश्यक बोलपत्र फारामसाथ संलग्न Technical Specification अनुसारका एटिएम रिसिभ पेपर र जरनल पेपर खरिद गर्नु पर्ने भएकोले सो एटिएम रिसिभ पेपर र जरनल पेपरहरु Supply गर्न सक्ने सम्बन्धीत रजिष्टर्ड फर्म, कम्पनी, एजेण्ट तथा अधिकृत बिक्रेताहरुले यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२.०० बजे भित्र यस विभागमा आई पुग्ने गरी शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

तपसिल

शिलबन्दी बोलपत्रका शर्तहरु:

१. बोलपत्र फाराम दस्तुर रु. १०००।-(एकहजार) मात्र (फिर्ता नहुने) यस बैंकको शाखा कार्यालय, थापाथली स्थित आम्दानी अन्य (९५९९०२०००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर पेश गरेपछि यस बिभागबाट दरभाउपत्र फाराम प्राप्त हुनेछ।

२. बोलपत्रदाताले खाम वाहिर शिरमा **एटिएम रिसिभ पेपर र जरनल पेपर खरिद** सम्बन्धी बोलपत्र उल्लेख गरी राष्ट्रिय वाणिज्य बैंक लि.,केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, सिंहदरवारप्लाजा, काठमाण्डौलाई सम्बोधन गरिएको हुनु पर्नेछ।

३. बोलपत्र कागजातका साथ निम्न अनुसारका कागजातहरु नोटरी पव्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :

क) नविकरण गरिएको फर्म / कम्पनि दर्ताको प्रमाणपत्र,

ख) मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्वर प्रमापत्र,

ग) पछिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्र वा कर बिवरण पेश गरेको कागजात, साथै गत आ.व.को लेखा परिक्षण गरिएको वित्तिय विवरण ।

घ) कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेस्ता, साझेदार, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र,

ङ) कम्पनी/साझेदारी फर्मको हकमा बोलपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समितिको /साझेदारहरुको निर्णयको प्रतिलिपी ।

४. बोलपत्रदाताले यस बोलपत्र प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजायँ नपाएको व्यहोराको स्वयम-घोषणा लिखित रुपमा पेश गर्नु पर्नेछ।

५. बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. बोलपत्रदाताले मूल्य अंकित सूची (Price Schedule) मा तोकिएको कार्यको दरभाउ अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ। केरमेट भएको हुनु हुँदैन। कथं कदाचित अंक र अक्षरमा भिन्नता देखिएमा अक्षरलाई मान्यता दिईने छ।

७. सिलबन्दी बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ९०(नब्बे) दिनको हुनेछ।

८. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको कूल रकमको कम्तीमा ५% ले हुने अर्नेष्ट मनी वापतको रकम यस बैंकको शाखा कार्यालय, थापाथलीको अर्नेष्ट मनी ९१६१२००००) हिसावमा नगदै जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा यस बैंक वाहेक मान्यता प्राप्त अन्य **'क'** श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन अवधिको बोलपत्र जमानत (बिडबण्ड ग्यारेण्टी) संलग्न गर्नु पर्नेछ।

९. स्वीकृत बोलपत्रदाताले सूचना पाएको १५ दिन भित्र आफुले कबोल गरेको अंकको १०% ले हुने नगदै धरौटी वापत यस बैंकको शाखा कार्यालय थापाथलीको अर्नेष्ट मनी (९१६१२००००) हिसावमा जम्मा गरि सो को सक्कल अर्धकट्टी भौचर वा (यस बैंक बाहेक) अन्य 'क' श्रेणीको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८०(एक सय अस्सी) दिन अवधिको कार्य सम्पादन जमानत(परफमेन्स ग्यारेन्टी) पेश गरि सम्झौता गर्नु पर्नेछ, खरिद सम्झौता बमोजिम कार्य सम्पादन गर्न नसकेमा उक्त कार्य सम्पादन जमानत जफत समेत गर्न सकिनेछ।

१०. तोकिएको म्याद नाघी कार्यालयमा दाखिला हुन आएको वा रित नपुगी दाखिला भएको वा यस बैंकबाट विक्रि गरिएको बोलपत्र पेश नगरेमा त्यस्ता बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदी सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ र सो को कारण प्रकाशमा ल्याईने छैन। साथै स्वीकृत बोलपत्र बमोजिमको कार्य सम्पन्न गर्ने समयावधि थपघट गर्ने नगर्ने, हर्जाना लिने नलिने, तोकिएको कार्यको परिमाण थपघट गर्ने नगर्ने आदि अधिकार रा.वा.बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुने गरी बैंकमानै सुरक्षित रहनेछ।

## खण्ड ६ : Technical Specifications

Specification of ATM Journal Paper & Receipt Paper Rolls: Quantity

| | | |
|---|---|---|
| 1. Thermal journal paper Roll ATm | | 6000 pcs. |
| Paper Type: | Thermal paper | |
| Paper color: | White | |
| Dimension.(width): | 5.7 | |
| Final Outer Paper Roll diameter: | 7.6 cm | |
| Core (hard plastic material): | 3 cm | |
| Roll Length: | Approx 70 meters | |
| Paper density: | 58+ -5 GSM | |
| 2. Thermal Receipt Paper Roll ATM | | 4000 pcs. |
| 2.a. Big Size. | | |
| Paper Type: | Thermal paper | |
| Dimension.(width): | 8.0 cm | |
| Final Outer Paper Roll diameter: | 15.2 cm ( 6 Inch) | |
| Core (hard plastic material): | 3 cm | |
| sensor mark: | 11,1 (4.4 inch) repeated Sensormark | |
| Paper density: | 58+ - 5 GSM | |
| Singal color Printing: | Background RBB Logo Printing In between every sensormarks. | |